# स्थानीय राजपत्र

## मालिकार्जुन गाउँपालिकाद्वारा प्रकाशित

खण्डः८ संख्याः१५ मितिः २०८१।१२।१०

भाग–२

मालिकार्जुन गाउँपालिका


| कार्यपालिकाबाट स्वीकृत मिति | २०८१।१२।०६ |
|---|---|

## कृषि उपज संकलन केन्द्र स्थापना एवं सञ्चालन कार्यविधि, २०८१

**प्रस्तावनाः** नेपालको समग्र अर्थतन्त्र र अधिकांस जनताको जीविकोपार्जन, आयआर्जन एवं रोजगारीको मूख्य आधारको रुपमा रहेको कृषि क्षेत्रले बढ्दो जनसंख्याको लागि आवश्यक कृषि उपजहरुको उत्पादन बृद्धि गर्न र आयात प्रतिस्थापन तथा निर्यात बृद्धि गर्न देशका तिनै तहका सरकार, मातहतका निकायहरु, कृषक, व्यवसायी एवं विभिन्न सहयोगी निकायहरुको क्रियाशीलताले गुणस्तरीय उत्पादनमा बृद्धि हुँदै आएको अवस्था छ ।

यस मालिकार्जुन गाउँपालिकाले छरिएर रहेका अधिकांस साना कृषकहरुको उत्पादनलाई एकीकृत गरि उनिहरुलाई सहजै बजार पहुँच पुर्याउन र यसमा संलग्न कृषक, व्यापारी, उपभोक्ता सबै पात्रहरुलाई स्वस्थ, प्रतिस्पर्धात्मक रुपमा लाभान्वित गर्न व्यवस्थित तथा प्रतिस्पर्धात्मक बजार प्रणालीको विकास तथा व्यवस्थापन गर्न आवश्यक भएकोले यो ‘‘कृषि उपज संकलन केन्द्र स्थापना एवं सञ्चालन कार्यविधि, २०८१’’ तयार गरि लागु गरिएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१.१. **यो कार्यविधिको नाम** ‘‘कृषि उपज संकलन केन्द्र स्थापना एवं सञ्चालन कार्यविधि, २०८१’’ रहेको छ ।

१.२. यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

२.१. **‘‘कृषि उपज संकलन केन्द्र’’** वा ‘‘संकलन केन्द्र’’ भन्नाले उत्पादन क्षेत्रबाट कृषि उपज खरीद गरी वा संकलन मात्र गरी उपभोक्तालाई सोझै वा अन्य व्यापारी वा व्यवसायीक प्रतिष्ठानहरुलाई बेच बिखन गर्ने उद्देश्यले संचालित स्थल सम्झनु पर्छ ।

**२.२. ‘‘कार्यविधि’’** भन्नाले उपदफा २.१ को ‘‘कृषि उपज संकलन केन्द्र स्थापना एवं सञ्चालन कार्यविधि, २०८१’’ सम्झनु पर्छ ।

**२.३. ‘‘कृषि उपज संकलन केन्द्र व्यवस्थापन समिति’’** वा ‘‘व्यवस्थापन समिति’’ वा ‘‘समिति’’ भन्नाले यस कार्यविधी अनुसार गाउँपालिका स्तरमा स्थापना भएका कृषि उपज संकलन केन्द्रको व्यवस्थापन का लागि दफा ३.१ अनुसार गठन भएको समिति पर्दछ । यसरी गठन भएको समिति गाउँपालिकामा दर्ता हुनु पर्नेछ । यदि सहकारी/समूह मार्फत स्थापना भएका संकलन केन्द्रहरु छन् भने उक्त सरहकारी/समूहको संचालक समिति वा त्यस मातहत गठन भएको समिति सम्झनु पर्दछ ।

**२.४. ‘‘कृषि उपज’’** भन्नाले कृषि तथा पशुपालन क्षेत्रवाट उत्पादित फलफूल, तरकारी, खाधान्न तेलहन, दलहन, मसला बाली, पुष्प, च्याउ, मह, माछा मासु, अण्डा जस्ता ताजा तथा नाशवान वस्तु, जीवित पशुपंक्षीहरु र पशुपंक्षीजन्य उत्पादन लगाएत समितिले तोकेको अन्य खाद्य बस्तुहरु र कृषि तथा पशुपंक्षी उत्पादन सामाग्री समेत सम्झनु पर्दछ ।

**२.५. "कृषक"** भन्नाले यस बजारमा सहभागी हुने कृषकहरु सम्झनु पर्छ भने "कृषक समूह" भन्नाले ति कृषकहरुको समूह र "सहकारी" भन्नाले ति कृषकहरुको सहकारी सम्झनु पर्छ ।

**२.६. "कोष"** भन्नाले समितिलाई प्राप्त नगद तथा जिन्सी सामान समेतलाई सम्झनु पर्दछ ।

**२.७. "कृषि शाखा"** भन्नले स्थानीय सरकार अर्न्तगतको कृषि तथा पशु विकास महाशाखा वा शाखा वा इकाइ सम्झनु पर्दछ ।

**२.८. "अध्यक्ष"** भन्नाले समितिको अध्यक्ष सम्झनु पर्दछ ।

**२.९. "सदस्य"** भन्नाले समितिको सदस्य सम्झनु पर्दछ र सो शब्दले अध्यक्षलाई समेत जनाउने छ ।

**२.१०. "सेवा शुल्क"** भन्नाले बजारमा उपलब्ध गराईएको सेवा वा सुविधा वापत समितिलाई प्राप्त हुने इजाजत शुल्क, प्रवेश शुल्क, स्थान तथा निर्मित संरचना उपलब्ध गराए वापतको भाडा वा अन्य सेवा शुल्क सम्झनु पर्दछ ।

**२.११. "बजार व्यवस्थापक"** भन्नाले यस निर्देशिका बमोजिम तोकिएको बजार व्यवस्थापक वा सदस्य सचिव सम्झनु पर्दछ ।

**२.१२. "सम्झौता"** भन्नाले कृषि उपज संकलन तथा बजार सञ्चालनका लागि सहकारी वा बजार समिति र अन्य निकायहरु विच गरिने संझौता सम्झनु पर्छ ।

**२.१३. "थोक"** भन्नाले पुनः बिक्री बितरण हुने गरी पाँच किलो वा सो भन्दा वढी परिमाणलाई सम्झनु पर्दछ ।

**२.१४. "खुद्रा"** भन्नाले उपभोकाहरुको लागि फुटकर रुपमा खरीद बिकी गर्ने परिमाणलाई सम्झनु पर्छ ।

## परिच्छेद -२

## समितिको गठन, काम कर्तव्य र अधिकार

**३. कृषि उपज संकलन केन्द्र व्यवस्थापन समितिको गठन एवं पदावधि :** ३.१. कृषि उपज संकलन तथा बजार केन्द्रको संचालन एवं व्यवस्थापन गर्न गाउँपालिकाको प्रमुख संरक्षक रहने गरि देहाय बमोजिम "व्यवस्थापन समिति" गठन हुनेछ ।

| | |
|---|---|
| गाउँपालिका भित्रको कृषि क्षेत्रमा अनुभव भएको संरक्षकले सिफासिर गरी कार्यपालिका बाट निर्णय भएको व्यक्ति | अध्यक्ष |
| आर्थिक समितिबाट गाउँपालिकाले तोकेको जनप्रतिनिधि | सदस्य |
| गाउँपालिकाले छनौट गरेका संकलन केन्द्रमा कारोबार गर्ने सकृय कृषकहरु मध्येबाट कम्तिमा १ जना महिला सहित ३ जना सदस्य । | सदस्य |
| गाउँपालिकाले छनौट गरेका संकलन केन्द्रमा कारोबार गर्ने सकृय स्थानीय ब्यापारी मध्येबाट कम्तिमा १ जना महिला सहित ३ जना सदस्य । | सदस्य |
| गाउँपालिकाले छनौट गरेका संकलन केन्द्रको सेवाक्षेत्रभित्र सकृय रहेका कृषि सहकारी मध्येवाट २ जना | सदस्य |
| बजार स्थलको टोल बिकास संस्थाका सदस्य १ जना | सदस्य |
| संकलन केन्द्र व्यवस्थापन समितिको व्यवस्थापक वा १ जना सदस्य-सचिव तोकिएको कर्मचारी (निर्णय प्रक्रियामा मताधिकार नहुने) | सदस्य सचिव |

३.२ माथि जुनसुकै कुरा उल्लेख गरिएको भएता पनि समूह वा सहकारी द्वारा संचालित संकलन केन्द्रको हकमा संस्था भित्रैबाट अध्यक्ष सहित बढीमा ७ जनाको संकलन केन्द्र व्यवस्थापन समितिको चयन सर्वसम्मतिले गर्नेछ । त्यसो हुन नसकेमा अन्य लोकतान्त्रिक प्रणली अपलम्बन गरि समितिको चयन गर्नेछ ।

३.३ समिति गाउँपालिकाको समग्र कृषि विकास अवधारणा अनुसार कार्य गर्ने शर्तमा गाउँपालिका मातहत दर्ता हुनु पर्दछ ।

३.४. समितिको पदावधि ३ वर्षको हुनेछ र अध्यक्ष चयन गरेको मितिले ३५ दिनभित्र सदस्य मनोनित गरिसक्नु पर्नेछ ।

३.५. सदस्यहरु चयनको हकमा प्रतिनिधिमूलक हिसाबले भूगोल र कारोबारको प्रकृति र बजार समेतको आधारमा गर्नुपर्नेछ ।

३.६. कुनै सदस्यको मृत्यू वा बसाईसराई वा राजिनामा वा कारवाई वा अन्य कारणले पद रिक्त भएको अवस्थामा जुन प्रकृयाबाट पदपूर्ति भएको हो सोही प्रक्रियाको आधारमा बाँकी पदावधिका लागि पदपूर्ति गरिनेछ ।

३.७. समितिलाई आवश्यकता अनुसार सहयोग एवं सल्लाह दिन समितिले ३ जना सदस्य रहेको एक सल्लाहकार समिति चयन गर्न सक्ने छ ।

३.८. समितिले आफ्नै श्रोतबाट व्यवस्थापक (वा सदस्य सचिव) कर्मचारी नियुक्त नभएसम्मको लागि वैकल्पिक व्यवस्था (गाउँपालिका वा वडा कार्यलयको कर्मचारी, स्थानीय स्वयंसेवक वा सदस्यहरु मध्येवाट कोही) गर्न सक्नेछ ।

३.१०. समितिको सदस्य हुनको लागि कम्तिमा २१ वर्ष उमेर पुगेको, कृषि क्षेत्रमा राम्रो ज्ञान भएको, मगज नबिग्रेको, समाजिक आचरण राम्रो भएको वा कुनै आरोप प्रमाणित नभएको वा सजाय नभोगेको, कुनै पनि किसिमका आर्थिक भ्रष्टाचारको आरोप नलागेको वा प्रमाणित नभएको, कुनै अदालतबाट कैद सजाय भएको रहेछ भने सो भुक्तान भएको पाँच वर्ष पुरा भएको नेपाली नागरिक हुनुपर्नेछ ।

३.११. समितिको बैठकमा गाउँपालिका अध्यक्ष,  उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित वडाको वडा अध्यक्ष, कृषि शाखा प्रमुखलाई आमन्त्रित गर्नुपर्नेछ ।

**४. समितिको काम, कर्तव्य र अधिकार :** समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,-

४.१. संकलन केन्द्रको विकास, विस्तार र गुणस्तरीय सेवा प्रवाह गर्ने सम्बन्धमा कार्ययोजना बनाई लागू गर्ने ।

४.२. संकलन केन्द्रको संचालनको लागि आवश्यक पर्ने कर्मचारीको व्यवस्था, सेवा शर्त र सुविधा एकीन गरी गाउँपालिकावाट स्वीकृतिका लागि पेश गर्ने ।

४.३. गाउँपालिका, वडा कार्यलय, कृषि शाखा, कृषि ज्ञान केन्द्र, पशु सेवा विज्ञ केन्द्र, लगाएत संघ तथा प्रदेश तहका सम्वन्धित मन्त्रालय, सहयोगी संस्था, दातृ निकायहरु सँगको सहयोग, समन्वय एवं सहकार्यमा बजार संचालन एवं स्तरोन्ततीका योजनाहरु तर्जुमा गरि संचालन गर्ने ।

४.४. कृषि बजारको सम्बन्धमा आवश्यक सूचनाहरु सर्बसाधारणको लागि सम्प्रेषण गर्ने ।

४.५. विभिन्न कृषि बजारहरुबाट कृषि उपजको बजार मुल्य जानकारी लिदै सम्बन्धित बजारमा उक्त दिनको बजारभाउ निर्धारण गर्ने ।

४.६. बजारको विकास, विस्तार एवं बजारबाट प्राप्त हुन सक्ने सेवाका सम्बन्धमा प्रचार प्रसार गर्ने ।

४.७. कृषक, समूह, सहकारी, व्यापारी, उपभोक्ता लगायत अन्य सम्बन्धित निकायलाई विभिन्न बजार सेवा, सुविधा उपलव्ध गराउने ।

४.८. कृषि बजारको भौतिक सुविधाको संरक्षण, मर्मत संभार तथा संवर्द्धन गर्ने ।

४.९. बजार संचालन सम्बन्धी कुनै समस्या उत्पन्न भएमा सो समाधान गर्ने ।

४.१०. बजार स्थलभित्रको फोहोर व्यवस्थापन गरी स्वस्थ वातावरण कायम गर्ने ।

४.११. समितिले बार्षिक कार्ययोजना तयार गरि गाउपाँलिका/सहकारी मार्फत स्वीकृत गराई सोही बजेटको परिधि भित्र रहेर खर्च गर्ने ।

४.१२. बजारको दीर्घकालीन विकास र विस्तार सम्बन्धी गुरु योजना तयार गरि कार्यान्वयन गर्ने ।

४.१३. गुणस्तरहीन अखाद्य वा मिसावटयुक्त तथा उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने उपज/बस्तु खरिद-बिकी गर्न नपाइने ब्यबस्था मिलाउने ।

४.१४. कृषि उपज उत्पादनका क्रममा प्रयोग हुने वा भएका विषादी वा अन्य रसायनहरुको अवशेष बजारमा ल्याईएका उपजहरुमा छ छैन भनि परीक्षण गर्न, वेलावखतमा आवश्यकता अनुसार सम्वन्धित नियकायहरुमा समन्वय गर्ने र सो को नतिजा अनुसार आवश्यक कार्य गर्ने ।

४.१५. बजारमा कुनै पनि प्रकारका प्रकोपजन्य रोग तथा किरा लागेका र तिनको जीवित अवशेषले अन्य क्षेत्रमा थप प्रकोप हुनसक्ने कृषि उपजहरुलाई बिक्रि वितरण गर्न नपाइने व्यवस्था मिलाउने र बजारमा आइसकेका त्यस्ता वस्तुहरुको सुरक्षित बिसर्जन गर्ने ।

४.१६. पशुपंक्षी जन्य उपजहरुको हकमा रोगी पशुपंक्षी एवं तिनका उत्पादनहरु बिक्रि वितरण गर्न नपाइने व्यवस्था मिलाउन र बजारमा आइसकेका त्यस्ता वस्तुहरुको सुरक्षित विसर्जन गर्ने ।

४.१७ यदि पशुपंक्षी बध गरि मासु बेच्ने भएमा उचित चिस्यान कायम गरी भण्डारण तथा ढुवानी गरेको मासु मात्र बिक्री वितरण गर्नु पर्ने ।

४.१८. प्रमाणिक नापतौल प्रणाली (standard weight and measuring system) तथा आधिकारिक निकायबाट प्रमाणित/स्वीकृत नापतौल बिपरित कार्य गरेको पाइएमा सामग्री/उपकरण जफत गरी कारवाही गर्ने ।

४.१९. यदि जनस्वास्थ्यका हिसावले संक्रमणकालीन स्वास्थ्य समस्या भएका वा देखिएका क्रेता वा बिक्रेता बजारमा सहभागि हुन आएको जानकारी पाउने वित्तिकै नजिकको स्वास्थ्य संस्था वा सेवा प्रदायक सँग समन्वय गरि थप समस्या हुन नदिन पहल गर्ने ।

४.२०. सर्बसाधारणको सुविधा, सर-सफाई तथा ट्राफिक व्यवस्थापन समेतको कार्यलाई दृष्टिगत गरी कृषि उपजहरुको खरिद बिक्री कार्यको लागि निश्चित समय र प्रकृया तोक्न सक्नेछ ।

४.२१. बजारमा कारोबार गर्न चाहने कृषक, समूह, सहकारी, व्यापारी वा व्यवसायीले देहायका आचरण पालन गरे नगरेको अनुगमन गरि सोको सुनिश्चितता गर्नुपर्नेछ ।

क) समितिको कार्यालयमा समन्वय गरि स्पष्ट परिचय सहित दर्ता गर्नु पर्नेछ ।

ख) समितिलाई आफूले प्रयोग गरेको सुविधा बापत बुझाउनु पर्ने शुल्क समितिले तोकेबमोजिम नगद वा वैंक दाखिला गर्नु पर्ने छ ।

घ) बजार स्थलमा सुर्तिजन्य पदार्थ, मादक पदार्थ आदि सेवन गर्न पाइने छैन ।

ङ) बजारमा कारोबार गर्ने कृषक, समूह, सहकारी, व्यापारीहरुले समितिले व्यवस्था गरेको परिचय पत्र धारण गर्नु पर्ने हुन्छ ।

च) समितिले माग गरेको जानकारी सहि तरिकाले उपलव्ध गराउनु पर्ने छ ।

छ) बजार कारोवकारको विवरण प्रत्येक दिन सम्बन्धित व्यवसायिले समितिको कार्यलयमा वा प्रतिनिधीलाई उपलब्ध गराउनु पर्ने छ ।

ज) समितिले लागू गरेका अन्य नीति नियमलाई पालना गर्नु पर्ने छ ।

## ५. कृषि उपजको बजारभाउ निर्धारण, बजारीकरण एवं सूचना प्रकाशन

५.१. सम्वन्धित संकलन केन्द्रमा आउने कृषि उपजहरुको थोक तथा खुद्रा मुल्य निर्धारण गर्न समितिको व्यवस्थापकको सक्रियतामा व्यापारी र कृषकहरुसँगको समन्वयमा कृषि उपजहरुको थोक तथा खुद्रा मुल्य निर्धारण गरिने छ । यसरी मुल्य निर्धारण गर्दा आसपासका बजारहरुका चल्तिका दरभाउहरुलाई पनि आधार मानिने छ ।

५.२ उपदफा ५.१ अनुसार निर्धारण हुने मूल्यमा कृषि उपजको गुणस्तर अनुसार थपघट हुन सक्नेछ जसलाई स्वयं व्यापारी र कृषक वा उपभोक्ताले निर्धारण गर्न सक्नेछन् । तर पनि सोको नियमन एवं आवश्यकता अनुसारको समन्वय गर्ने छ ।

५.३. विभिन्न ठुला बजार वा खरिदकर्ता व्यापारीहरुसँग सम्वन्वय गरि सम्वन्धित संकलन केन्द्रमा आएको कृषि उपजहरुको बजारिकरणका लागि आवश्यकता अनुसार व्यापारीहरुसँग लिखित सम्झौता गरिने छ ।

५.४. बजारमा नियमित रुपमा कृषि उपजहरु बिक्रि ल्याउने कृषक, समूह एवं सहकारीहरु एवं खरिद गर्ने व्यापारीहरुको कारोबारको तथ्यांक अध्यावधिक गर्ने । उक्त तथ्यांकको आधारमा उत्कृष्ट कृषक एवं व्यापारीहरुलाई प्रोत्साहन एवं पुरस्कृत गरिने छ ।

५.५ यसरी तय गरिएको बजार भाउ सर्वसाधारणको पहुँचमा हुने गरि प्रकाशन गरिने छ ।

## ६. समितिको बैठक एवं सहभागिता

६.१. उपदफा ३.१ मा गठित समितिको नियमित बैठक मासिक रुपमा तोकेको मिति र समयमा समितिको कार्यलयमा नियमित रुपमा बस्नेछ । यसका अलावा आवश्यकता अनुसार कुनै पनि समयमा बस्न सक्नेछ ।

६.२. समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्ने छ र निजको अनुपस्थितिमा वैठकमा उपस्थित सदस्यहरु मध्ये जेष्ठ सदस्यले गर्नेछ ।

६.३. समिति र गाउँपालिकाको संयुक्त बैठकको हकमा गाउँपालिकाको अध्यक्षले अध्यक्षता गर्नेछ ।

६.४. समितिको कुल सदस्य संख्याको कम्तीमा एकाउन्न प्रतिशत (५१%) सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ । कुनै पनि निर्णयहरु गर्दा गणपुरक सदस्यहरुको उपस्थिति आवश्यक रहनेछ ।

६.५.समितिको बैठक एवं निर्णय प्रक्रियाको हकमा बहुमतको निर्णय मान्य हुनेछ । यस प्रक्रियामा आमन्त्रित सदस्यहरुको मताधिकार हुने छैन ।

६.६. बैठकको निर्णय अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गनुपर्नेछ ।

६.७. समितिले आवश्यक देखेमा सरकारी कर्मचारी, कुनै स्वदेशी वा विदेशी संस्थाको प्रतिनिधि, विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

६.८ समितिले आफ्नो कार्य संचालनमा सघाउ पुग्याउन समितिकाकुनै सदस्यको संयोजकत्वमा उप-समिति गठन गर्न सक्नेछ र त्यस्तो उप-समितिको काम, कर्तव्य र अधिकार समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## ७. समितिको कार्यालयः

७.१ समितिको कार्यालय सम्बन्धित कृषि उपज संकलन तथा बजार केन्द्र परिसरमा रहनेछ ।

## परिच्छेव-३

## दर्ता नवीकरण एवं अनुगमन

## ८. कृषि बजार दर्ता, अनुगमन र नवीकरण

८.१. सामान्यतया गाउँपालिका मार्फत स्थापना भएका संकलन केन्द्र तथा बजार केन्द्रहरु गाउँपालिकाको मातहतमा रहनेछन । संकलन केन्द्र आवश्यकता अनुसार गाउँपालिकामा तथा अन्य सम्वन्धित निकाय अन्तर्गत दर्ता गर्नु पर्नेछ । गाउँपालिकामा दर्ताका लागि अनुसूची १ बमोजिमको निवेदन प्राप्त भएमा आवश्यक चेकजाँच गरी दर्ता गर्न उपयुक्त भएमा अनुसूची २ बमोजिमाको ढाँचामा प्रमाणपत्र प्रदान गर्नेछ ।

८.२. उक्त संकलन केन्द्रमा प्रयोग गरिने बील विजक एवं अन्य दस्तावेजहरु समितिको नाममा हुनु पर्ने छ ।

८.३. सहकारी/समूह मार्फत संचालित संकलन केन्द्रको हकमा संलालक स्वयं सहकारी नै हुनेछ र यसको स्वामित्व एवं दायित्व दुवै सम्वन्धित सहकारीको नै हुनेछ । साथै प्रयोग गरिने बील बिजक एवं अन्य दस्तावेजहरु सहकारीको नाममा हुनेछ । यसरी स्थापना भएका संकलन केन्द्र तथा बजार

केन्द्रहरु गाउँपालिकाको कृषि विकास शाखा अन्तर्गत सहकारी/समूह र व्यवस्थापन समितिको निणर्य सहित ९० दिन भित्र दर्ता गर्नु पर्नेछ ।

८.४. आवश्यकता अनुसार संकलन केन्द्रको अनुगमन ८.६ बमोजिमको समिति एवं सरोकारवाला निकायहरु बाट गरिने छ ।

८.५. सरकारको नीति एवं निर्णयहरु परिवर्तन भएको अवस्थामा सोहि अनुसार कृषि बजार दर्ता, नियमन, अनुगमन तथा नवीकरण को व्यवस्था गरिनेछ ।

८.६ संकलन केन्द्रको कामकारवाहीको नियमित अनुगमन गरी सुझाव दिनको लागि देहायको अनुगमन निरीक्षण समिति रहनेछ ।

| | | |
|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | संयोजक |
| २. | गाउँपालिका उपाध्यक्ष | सदस्या |
| ३. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४ | सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| ५. | कृषि शाखा प्रमुख | सदस्य सचिव |

८.७ अनुगमन निरीक्षण समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

क) संकलन केन्द्रको नियति सञ्चालन भए नभएको अनुगमन गर्ने

ख) संकलन केन्द्र सञ्चालनमा कुनै गुनासो प्राप्त भएका त्यसको अनुगमन गरी आवश्यक कार्यवाहिका लागि निर्देशन दिने ।

ग) संकलन केन्द सञ्चालनमा समितिबाट यस कार्यविधि विपरित कार्य भएको पाएमा एकपटकका लागि सचेत गराइ सुधारको मौका दिने । पटक पटक यस कार्यविधि विपरित कार्य गरेको पाइएमा समिति लाई कार्यवाहीका लागि कार्यपालिका समक्ष सिफारिस गर्ने ।

घ) समितिको आर्थिक, प्रशासनिक तथा सेवा प्रवाह लगायत समग्र कार्यको अनुगमन सुपरीवेक्ष गरी पृष्ठपोषण प्रदान गर्ने ।

## परिच्छेद-४

## समितिको कोष, कर्मचारी व्यवस्थापन तथा खर्च खर्च सम्बन्धी व्यबस्था

**९. समितिको कोष, आर्थिक प्रशासन र अनुगमन निरीक्षण व्यबस्था :**

९.१. समितिको एउटा छुट्टै कोष हुनेछ जसमा देहायका रकमहरु रहने छन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिने छ ।

(क) नेपाल सरकार (संघ, प्रदेश र स्थानीय) बाट समितिलाई प्राप्त रकम

(ख) सेवा सुविधाबाट प्राप्त शुल्क र रकम,

(ग) विभिन्न व्यक्ति वा संघ, संस्थावाट प्राप्त रकम,

(घ) विदेशी सरकार/अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त सहयोग

(ङ) अन्य नियमित स्रोतवाट प्राप्त रकम ।

९.२. समितिको कोष समितिको नाममा नेपाल राष्ट्र बैंकबाट बैकिंग कारोठर गर्न मान्यताप्राप्त वित्तीय संस्थामा खाता खोली आवश्यकता अनुसारको आर्थिक कारोबार सोहि खाता मार्फत गरिनेछ ।

९.३. कुनै पनि स्रोतबाट प्राप्त हुने रकम समितिको सोही खातामा जम्मा गरि कारोबार गरिने छ ।

९.४. समितिको खाता समितिको अध्यक्ष र बजार व्यबस्थापक/सदस्य-सचिव को संयुक दस्तखतबाट संचलन हुनेछ ।

९.५. समितिले आर्थिक कार्य गर्दा /गराउँदा नेपाल सरकारको प्रचलित ऐन, कानुन वा नियमानुसार हुनेछ ।

९.६. समितिको बार्षिक आय व्ययको लेखाजोखा प्रत्येक वर्षको श्रावण मसान्त सम्ममा सकिसक्नु पर्ने छ र सो को विवरण गाउँपालिकामा पेश गर्नु पर्नेछ । सहकारी मार्फत संचालन भएका संकलन केन्द्रहरुको हकमा संकलन केन्द्रको वार्षिक आय व्यय विवरण सहकारीको मुख्य लेखा परीक्षण प्रतिवेदनमा स्पष्ट खुलाउनु पर्ने छ ।

**१०.संकलन केन्द्रको खर्च व्यवस्थापन :**

१०.१. समितिको प्रस्तावमा गाउँपालिकाले पारित गरेको वार्षिक कार्ययोजना अनुरुप संकलन केन्द्र नियमित संचालन गर्न आवश्यक खर्चहरु (जस्तै कर्मचारी तलव, सुविधा, भत्ता, विजुली, पानी, टेलिफोन, चियापान, मसलन्द तथा अन्य भैपरी खर्च आदि) तथा मर्मत संभार कार्य र जग्गा उपयोग गरे वापत लाग्ने खर्च आदि खर्च गर्नेछ ।

१०.२. संकलन केन्द्रको संरचना विकास एवं विशिष्ट कार्यको लागि विनियोजित रकम सोही शीर्षकमा मात्र खर्च गर्नु पर्नेछ ।

१०.३. सम्वन्धित संकलन केन्द्रले आर्जन गरेको खुद आय उक्त वर्षको आम्दानीमा खर्च घटाएर रहेको रकम) को २५ प्रतिशत सम्म समिति र गाउँपालिकाको संयुक्त बैठकको निर्णय बमोजिम कारोबार

गर्ने कृषक एवं व्यापारीहरुलाई उनिहरुको कारोबार योगदानको आधारमा प्रोत्साहन लाभांश प्रदान गरिनेछ ।

१०.४. आर्थिक वर्षको अन्त्यमा गरिएको लेखापरीक्षण विवरण अनुसार वर्षभरिमा प्राप्त कुल मुनाफा (संचालन खर्चहरु, प्रोत्साहन रकम एवं पुरस्कार खर्च घटाए पश्चात बाँकी) को १५ प्रतिशत रकम गाउँपालिकामा राजश्व दाखिला गर्नु पर्नेछ भने कम्तीमा ५० प्रतिशत रकम सोही बजारको पूर्वाधार निर्माण बिकासमा, १५ प्रतिशत जगेडा कोषमा र बाँकी २० प्रतिशत रकम अर्को वर्षको नियमित संचालन कार्यमा खर्च गर्न सक्ने गरि विभिन्न कोषमा छुट्याउनु पर्नेछ ।

**११. कर्मचारी सम्वन्धी व्यवस्था :**

११.१. संकलन केन्द्रको नियमित संचालन तथा व्यवस्थापन गर्न आवश्यक पर्ने कर्मचारीको व्यवस्था समितिको सिफारिसमा गाउँपालिकाको स्वीकृति लिई आवश्यकता अनुसार दरबन्दी स्वीकृत, नियुक्ती, बढुवा वा अवकासको व्यवस्था गर्नु पर्नेछ ।

११.२. कर्मचारीहरुको परिचालन र आर्थिक लगायतका सेवा सम्बन्धी सुविधाहरुको पूर्ण दायित्व समितिको नै रहने छ ।

११.३. संकलन केन्द्र व्यवस्थापकले यस कार्यविधि अनुरुप बार्षिक, अल्पकालीन तथा दीर्घकालीन योजना तथा कार्यक्रमहरु तर्जुमा गरी समिति मार्फत र आवश्यकता अनुसार गाउँपालिकाको सहमति तथा स्वीकृत गराई कार्यान्वयन गराउन मूख्य भुमिका खेल्नु पर्ने छ ।

११.४. संकलन केन्द्र संचालन सम्बन्धी अन्य आवश्यक कार्यसम्पादन गर्ने गराउने जिम्मेवारी व्यवस्थापक को हुनेछ ।

११.५. समितिको बैठक, निर्णय, दस्तावेजिकरण आदिमा समितिको सदस्य सचिवको हैसियतले व्यवस्थापकले भूमिका निर्वाह गर्नु पर्ने छ ।

## परिच्छेव- ५

## संकलन केन्द्रमा स्थल तथा स्टल प्रयोग सम्बन्धी व्यवस्था

**१२. स्थल तथा स्टलको उपयोग :**

१२.१. संकलन केन्द्रमा उपलव्ध स्थल वा स्टलको उपयोग, नयाँ संरचना निर्माण र सोको व्यवस्थापन एवं सदुपयोगको जिम्मेवारी समितिमा निहित रहनेछ। जसलाई यस समितिको वार्षिक एवं दीर्घकालीन योजना अनुसार प्रयोग गरिने छ ।

१२.२. संकलन केन्द्रमा स्थल तथा उपलब्ध स्टलहरु लाई उक्त संकलन केन्द्रको सेवा क्षेत्रका कृषक, समूह, सहकारी, व्यापारी एवं उपभोक्ताहरुले उपयोग गर्न सक्ने छन् ।

१२.३. संकलन केन्द्र स्थल तथा स्टल उपयोग गरेवापत समितिले निर्धारण गरेको सेवा शुल्कहरु तिर्नु पर्ने छ । देहाय अनुसारका एक वा एक भन्दा वढि प्रकारका सेवा शुल्कहरुको व्यवस्था हुने छ ।

| **बजार सेवा शुल्क** | **कृषक ( व्यक्तिगत)** | **समूह, सहकारी** | **खुद्रा क्रेता व्यापारी** | **थोक व्यापारी** | **अन्य क्षेत्रवाट आएका विक्रेता** |
|---|---|---|---|---|---|
| दर्ता शुल्क (एक पटक) | १०० | १०० | १००० | १००० | १००० |
| प्रवेश शुल्क दैनिक | ५ | ५ | ५ | ५ | ५ |
| प्रवेश शुल्क मासिक | १०० | १०० | १०० | १०० | १०० |
| बील विजक प्रयोग | कारोबारको २ प्रतिशत | कारोबार को २ प्रतिशत | कारोबार को २ प्रतिशत | कारोबार को २ प्रतिशत | कारोबार को २ प्रतिशत |
| बजारसेवा शुल्क (तौल मेसिन वा क्रेट वा अन्य बजार समाग्री ) | कारोबारको २ प्रतिशत | कारोबार को २ प्रतिशत | कारोबार को १.५ प्रतिशत | कारोबार को १.५ प्रतिशत | कारोबार को १.५ प्रतिशत |

**नोटः** समितिले आमन्त्रण गरेका बजार पात्रहरुलाई आमन्त्रण गरेको समयमा कुनै शुल्क लाग्ने छैन ।

१२.४. संकलन केन्द्रमा विशिष्ट स्टल वा स्थान उपलब्ध भएमा र कोही व्यक्ति वा संस्था वा निकायलाई भाडामा दिई कारोबार संचालन गर्नु पर्ने अवस्थामा समिति वैठकवाट न्यूनता भाडा वा सेवा शुल्क निर्धारण गरिनेछ र प्रतिस्पर्धाको आधारमा उक्त स्थान वा स्टल वा संरचना प्रयोग गर्न दिइनेछ ।

१२.५. विशेष स्टल वा स्थलहरु गाउँपालिका भित्रका कृषि समूह वा सहकारीले प्रयोग गर्ने भएमा निर्धारण गरिएको शुल्कमा २५ प्रतिशत सहुलिएत हुनेछ ।

१२.६. यस्ता सेवा शुल्कहरु वार्षिक रुपमा विभिन्न प्रकारका कारोबार गर्ने प्रतिनिधी पात्रहरुसँगको छलफलका आधारमा अध्यावधिक गरिनेछ ।

१२.७. विशेष स्थल वा स्टल सम्बन्धी सम्झौताको दौरानमा नै निर्धारण गरिएको वार्षिक शुल्कको २५ प्रतिशत रकम धरौटी राख्नु पर्ने छ र नियमित रुपमा प्रत्येक महिनाको पहिलो हप्तामा आग्रिम भुक्तानी गरिसक्नु पर्ने छ ।

## परिच्छेव- ६

## विविध

### १३. निलम्वन एवं समिति भंगः

१३.१. समिति अध्यक्ष वा सदस्यले देहायको कसूर गरेमा निजहरुलाई कसुरको आधारमा समितिले निजलाई तीन महिनासम्म वा सधैंको लागि र समितले नै देहायको कसूर गरेमा गाउँपालिकाले निलम्वनमा राख्न सक्ने छ ।

१. आर्थिक अनियमितता गरेमा,
२. पदीय अख्तियारको दुरुपयोग गरेमा,
३. बजारको सुसञ्चालनलाई दखल पुग्ने कार्य गरेमा
४. समितिमा रहेका पदाधिकारी निष्कृय रही तोकिएको कार्य गर्न नसकेमा,
५. समितिलाई दिएको निर्देशन पालना नगरेमा,
६. गाउँपालिका र समितिको हित विपरित हुने कार्य गरेमा,
७. शान्ति सुरक्षामा खलल गर्ने कार्य गरेको ।

१३.२. समिति अध्यक्ष का सदस्य निलम्वनमा परेको अवस्थामा एक पटकको लागि सफाइको मौका दिइने छ ।

१३.३. समिति भंग भएको र नयाँ समिति गठन नभैसकेको अवस्थामा गाउँपालिकाले उपयुक्त वैकल्पिक व्यवस्था गर्नसक्नेछ ।

**१४. कार्यविधि संशोधनः** गाउँपालिकाले यो कार्यविधि आवश्यकता अनुसार संशोधन एवं परिमार्जन गर्न सक्नेछ ।

१५. यस कार्यविधिमा उल्लेख नगरेका विषयवस्तुहरु गाउँपालिकाको प्रचलित कानुन तथा निर्णय बमोजिम हुनेछ ।

अनुसूची १

मितिः ……………..

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू

मालिकार्जुन गाउँपालिका, दार्चुला ।

बिषयः दर्ता सम्बन्धमा ।

महोदय,

हामीले ……………………………. नामको कृषि उपज संकलन तथा विक्रि केन्द्र नामक संस्था दर्ता गरी संचालन गर्न चाहेकाले संस्था दर्ता भ्न बमोजिम संस्था दर्ता गर्नको लागि देहाय बमोजिमको विवरण सहित निवेदन पेश गरेका छौ । प्रस्तावित संस्थाको विधान थान ३ यसै साथ संलग्न गरिएको छ ।

विवरण

१. संस्थाको नामः
२. संस्थाको उदेश्यः
३. समितिको सदस्यहरु

| सि.नं. | पद | नामथर | ठेगाना | पेशा | दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसूची २

मालिकार्जुन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कृषि शाखा

संस्था दर्ता प्रमाण पत्र

दार्चुला जिल्ला मालिकार्जुन गाउँपालिका वडा नं. …… स्थित ….. मा कृषि उपज संकलन केन्द्र सञ्चालन कार्यविधि २०८१ को दफा ३ (क) बमोजिम गठन भएको ……………………………. संस्थालाई यस कार्यालयमा मितिः ………………………….. मा दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ ।

गाउँपालिकाको कृषि क्षेत्रको व्यवसायीकरण, बजारिकरण तथा समग्र कृषि विकासमा यस संस्थाको सक्रिय सहभागिताको अपेक्ष गर्दछौं ।

प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले,
नर बहादुर ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत